मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : ३१ ◆ अङ्क : ७६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १८ गते आइतबार (Sunday, 1 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## स्रोत नखुलेको रकमसहित पक्राउ

**काठमाडौं, माघ १७।** स्रोत नखुलेको रकमसहित एक जना पक्राउ परेका छन् ।

कैलाली धनगढी उपमहानगरपालिका-२ ब्यारेलबाट स्रोत नखुलेको भारतीय ५ लाख रूपैयाँसहित भारत घर भएका ३५ वर्षीय राहुल सिंहलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले नेपालबाट भारततर्फ जाँदै गरेका उनलाई उक्त नगदसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको बताइएको छ ।

## घृणास्पद अभिव्यक्ति दिनेको निगरानी

**काठमाडौँ, माघ १७।** निर्वाचन आचारसंहिताको उल्लंघन हुनेगरी मिथ्या र भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्न र गैरकानूनी कार्य गर्ने व्यक्ति तथा संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानूनको दायरामा ल्याउन लागिएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगमा स्थापना गरिएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्र अन्तर्गत सूचना सदाचार प्रवर्द्धन एकाइले यस विषयमा काम गरिरहेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । एकाइले पत्ता लगाएका कूल ३०२ वटा हानिकारक सूचना निर्वाचन आचारसंहिता-२०८२, बिद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन-२०६३ र प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पठाइएको पनि उनले बताए ।

आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा विश्वसनीय रूपमा सम्पन्न गर्न आयोगबाट निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत भई लागू भएको छ । माघ ४ गते राति १२:०० बजेदेखि लागू भएको आचारसंहिता उल्लंघनका घटनामा तोकिएका निकायले उजुरी तथा जानकारी लिने र उल्लंघनमा संलग्न भएका भनिएका राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, निकाय र पदाधिकारीसँग आवश्यक स्पष्टीकरण लिने कार्यसमेत भइरहेको छ ।

यसअवधिमा सरकारी निकाय, राजनीतिक दल, उम्मेदवार, आममतदाता, सञ्चारकर्मीलगायत सबै क्षेत्रबाट आचारसंहिता पालनामा देखाएको अग्रसरताका लागि निर्वाचन आयोगले धन्यवाद ज्ञापन गरेको छ । निर्वाचन अवधिभर आचारसंहिताको पूर्ण पालना गराउन सरोकार भएका सबै पक्षलाई ध्यानाकर्षण गराउँदै निर्वाचन आचारसंहिता-२०८२को दफा २६ बमोजिमको केन्द्रीय आचारसंहिता अनुगमन समितिमा प्राप्त उजुरी र




जानकारीका आधारमा आचारसंहिता लागू भएदेखि माघ १४ गतेसम्म राजनीतिक दल, उम्मेदवार र संस्थासमेत गरी २१ वटा स्पष्टीकरण सोधिएको आयोगले जनाएको छ । त्यसमध्ये आठ वटाको जवाफ प्राप्त भएको र बाँकी जवाफका लागि ताकेता भइरहेको जनाइएको छ ।

आचारसंहिता कार्यान्वयन तथा निर्वाचनलाई आर्थिक रूपमा पारदर्शी बनाउन आयोगले राजनीतिक दल र उम्मेदवारको निर्वाचन खर्चका लागि अलग्गै बैंक खाता खोल्न नेपाल राष्ट्र बैंकलाई पत्राचार गरिसकेको छ । राष्ट्र बैंकबाट बैंक तथा बित्तीय संस्थालाई परिपत्र भइसकेको छ । जिल्लास्तरमा आचारसंहिता अनुगमनलाई प्रभावकारी बनाई कार्यान्वयनको सुनिश्चितता गर्न निर्वाचन आयोग ऐन, २०७३को दफा ५ र २३ तथा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा २(ख) एवं निर्वाचन आचारसंहिता, २०८२को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीहरूलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकहरूलाई आर्थिकसँग सम्बन्धित विषयमा फरकफरक कार्य जिम्मेवारीसहित निर्वाचन आचारसंहिता अनुगमन अधिकृत समेत तोकिसकिएको आयोगले जनाएको छ ।

निर्वाचनको मर्यादा र स्वच्छतामा प्रश्न उठाउने गरी कुनै गतिविधि भएमा निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, प्रदेश/जिल्ला

*(बाँकी अन्तिम पृष्ठमा)*

### झापा २ः मैदानमा १८ उम्मेदवार

# विखण्डित मतको परीक्षा

सुरेन्द्र भण्डारी

**झापा, माघ १७।** आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनले झापा क्षेत्र नम्बर २ लाई फेरि राष्ट्रिय राजनीतिक चासोको केन्द्रमा ल्याएको छ ।

अघिल्लो निर्वाचनमा संसद्को सभामुख र उपसभामुख एउटै निर्वाचन क्षेत्रबाट चयन भई राष्ट्रिय राजनीतिमा दुर्लभ उदाहरण बनेको यो क्षेत्रमा यसपटक १८ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । उम्मेदवार संख्या मात्रै होइन, राजनीतिक हैसियत, व्यक्तिगत प्रभाव र दलगत समीकरणको फेरबदलले पनि झापा-२लाई रणनीतिक रूपमा महत्वपूर्ण बनाएको छ ।

नेकपा (एमाले)का नेता तथा विघटित प्रतिनिधिसभाका सभामुख घिमिरे यस निर्वाचनका केन्द्रिय पात्र मानिन्छन् । २०७९को निर्वाचनमा २८ हजार ७१६ मत ल्याएर बिजयी बनेका घिमिरे सभामुख बनेपछि झापा-२मा विकासको अपेक्षा उच्च बनेको थियो ।

उनको पहलमा पूर्वाधार र विकासका केही योजना अघि बढे पनि ती योजनाले जनस्तरमा कति प्रभाव पाऱ्यो भन्ने प्रश्न अहिले निर्वाचनको निर्णायक बहस बनेको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीको गृह जिल्ला र पार्टी संगठन बलियो मानिने क्षेत्र भएकाले घिमिरे अझै पनि संस्थागत शक्ति र संगठनात्मक आधारमा बलिया उम्मेदवार मानिन्छन् । तर, अघिल्लो निर्वाचनको तुलनामा यसपटक बहुदलीय प्रतिस्पर्धा र मत विभाजनको सम्भावनाले उनको जितको यात्रालाई अनिश्चित बनाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ तथा निवर्तमान उपसभामुख इन्दिरा रानामगर यसपटक प्रत्यक्ष निर्वाचनमार्फत संसद प्रवेश गर्ने लक्ष्यसहित मैदानमा छिन् । समानुपातिक प्रणालीबाट संसद प्रवेश गरेर उपसभामुख बन्न सफल रानालाई यसपटक प्रत्यक्ष जनमतको परीक्षणले चुनौति थपेको छ ।

राना सामाजिक अभियानबाट राजनीतिमा उदाएकी नेतृ हुन् । उनले आफ्नो कार्यकालमा स्थानीय



**सरिता प्रसाईं**
**नेपाली कांग्रेस**



**देवराज घिमिरे**
**नेकपा एमाले**



**इन्दिरा राना मगर**
**रास्वपा**



**धर्मशीला चापागाँई**
**नेपाली कम्युनिष्ट पार्टी**



**भद्रप्रसाद नेपाल स्वागत**
**राप्रपा**



**डा. युवराज संग्रौला**
**स्वतन्त्र**

| उम्मेदवारको पूरा नाम/थर | निर्वाचन चिन्ह | राजनीतिक दलको नाम/स्वतन्त्र |
|---|---|---|
| अकलबहादुर तामाङ | कुखुराको भाले | मंगल नेशनल अर्गनाइजेशन |
| अमृता लावती | दापसहितको खुकुरी | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| अर्जुनकुमार पाण्डे | गोलो घेराभित्र दुई पात भएको गुलाफको फूल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| इन्दिरा राना मगर | घण्टी | राष्ट्रिय स्वतन्त्र पार्टी |
| केशवकुमार भण्डारी | आजुलीमा रहेको माटा | श्रम संस्कृति पार्टी |
| चन्द्रकुमारी गारु | मादल | नेपाल मजदुर किसान पार्टी |
| चुडाकर्ण बेघा | बलिरहेको बिजुलीको चिम | उज्यालो नेपाल पार्टी |
| तिलबहादुर राई | चकिया (जाँतो) | जनता समाजवादी पार्टी |
| देवराज घिमिरे | सूर्य | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) |
| धर्माशिला चापागाँई | पाँचकुने तारा | नेपाली कम्युनिष्ट पार्टी |
| पुण्यप्रसाद आचार्य | सारङ्गी | स्वतन्त्र |
| भद्रप्रसाद नेपाल स्वागत | हलो | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| मानबहादुर पुलामीमगर | घर | नेपाल जनमुक्ति पार्टी |
| डा. युवराज संग्रौला | पंखा | स्वतन्त्र |
| रमेशकुमार कार्की | भागेरा | स्वतन्त्र |
| रमेशकुमार राजवंशी | लाउड स्पिकर | जनमत पार्टी |
| श्रीप्रसाद सिटौला | हँसिया | नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) |
| सरिता प्रसाईं | रुख | नेपाली कांग्रेस |

विकास र सामाजिक मुद्दामा सक्रियता देखाएको दाबी गरे पनि पार्टीको संगठनात्मक संरचना अझै बलियो बन्न बाँकी रहेको विश्लेषण गरिन्छ । यसैले उनलाई यस निर्वाचनलाई राजनीतिक स्थायित्वको 'टर्निङ प्वाइन्ट' का रूपमा लिइएको छ ।

अघिल्लो निर्वाचनमा स्वतन्त्र उम्मेदवार बनेर दोस्रो स्थान हासिल गरेका भद्रप्रसाद नेपाल ( स्वागत) यसपटक राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चुनाव लडिरहेका छन् । २०७९मा उनले २६ हजार ४५५ मत ल्याएका थिए, जुन बिजयी उम्मेदवार घिमिरेको मतभन्दा २ हजार २ सय ६१ मात्र कम थियो ।

नेपालको मत परिणामले झापा-२मा वैकल्पिक राजनीतिक धारको सम्भावना देखाएको थियो । यसपटक दलको संरचनागत समर्थन पाएपछि उनी थप बलियो बन्ने वा तुलनात्मक रुपमा मत कम आउने हो, प्रतीक्षाको विषय छ ।

**पुराना दलको अस्तित्वको लडाइँ**

नेपाली कांग्रेसकी नेतृ तथा पूर्वराष्ट्रियसभा सदस्य एवम् पूर्वमन्त्री सरिता प्रसाईं र नेपाली कम्युनिष्ट पार्टीकी नेतृ तथा पूर्वमन्त्री धर्मशीला चापागाँई पनि चुनावी प्रतिस्पर्धामा छन् । दुवै अनुभवी नेता हुन् ।

विशेष गरी कांग्रेस र माओवादी केन्द्रबीच अघिल्लो निर्वाचनमा रहेको गठबन्धन भंग भएसँगै यसपटक मत विभाजनको जोखिम देखिएको छ । यसले परम्परागत दलहरूलाई चुनावी गणित पुनः निर्माण गर्नुपर्ने अवस्था सिर्जना गरेको छ ।

२०७९को निर्वाचनमा प्रमुख दलहरूले गठबन्धनमार्फत चुनाव लडेका थिए । त्यसबेला एमाले-राप्रपा एकातिर र कांग्रेस-माओवादी केन्द्र अर्कोतिर थिए । तर, यसपटक सबै दल स्वतन्त्र रूपमा प्रतिस्पर्धामा छन् ।

यसले मतको विखण्डन बढ्ने सम्भावना मात्र होइन, अप्रत्याशित परिणाम आउने सम्भावनालाई पनि बलियो बनाएको छ । बिर्तामोड, अर्जुनधारा नगरपालिका, कनकाई नगरपालिकाका दुई वडा र बुद्धशान्ति गाउँपालिकाका चार वडा समेटिएको झापा-२मा कूल १ लाख ४७ हजार ५२२ मतदाता छन् । यसमध्ये १३ हजार ४३१ नयाँ मतदाता रहेका छन् । नयाँ मतदाताको झुकावले निर्वाचन

*(बाँकी अन्तिम पृष्ठमा)*

# चुनावमा कति खर्च होला ?

**झापा, माघ १७।** सरकारले आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगसहित तीन निकायलाई १९ अर्ब २१ करोड रुपैयाँ स्रोत सुनिश्चितता गरेको बताइरहँदा विज्ञहरूले अकासिँदै गएको चुनावी खर्च नेपालका लागि चुनौति बनिरहेको बताएका छन् ।

अर्थ मन्त्रालयका प्रवक्ताले यस पटक गृह मन्त्रालयलाई १० अर्ब ४९ करोड, रक्षा मन्त्रालयलाई १ अर्ब ९९ करोड र निर्वाचन आयोगलाई ६ अर्ब ७२ करोड रुपैयाँ स्रोत सुनिश्चित गरिएको बताएका छन् ।

अधिकारीहरूले यसपटक सबैभन्दा धेरै खर्च निर्वाचन सुरक्षामा हुन लागेको भन्दै चार अर्ब रुपैयाँभन्दा बढी रकम मतदान र त्यससँग जोडिएका गतिविधिमा खर्च हुने बताएका छन् ।

अघिल्लोपटक प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि निर्वाचन आयोगले ६ अर्ब ६७ करोड रुपैयाँभन्दा बढी खर्च गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ । अघिल्लो पटकको चुनावमा सुरक्षामा लगभग साढे ११ अर्ब रुपैयाँ खर्च भएको थियो ।

यसपालि चुनावमा उम्मेदवारहरूले खर्च गर्न पाउने सीमा जिल्ला अनुसार आयोगले २५ लाख रुपैयाँदेखि ३३ लाख रुपैयाँसम्म तोकेको छ । चुनावी मैदानमा रहेका ३४०० उम्मेदवारहरूमध्ये धेरैले उक्त सीमामा खर्च नगर्ने भएपनि शक्ति र पहुँचका आधारमा कतिपय उम्मेदवारहरूले त्यो भन्दा धेरै गुणा रकम चुनावमा खर्च गर्ने गरेका विज्ञहरू बताउँछन् ।

एक जना पूर्वप्रमुख निर्वाचन आयुक्तले समग्र चुनावी प्रक्रिया ज्याँदै खर्चिलो भएको भन्दै नीतिगत



सुधारहरू गरिनुपर्ने र सुरक्षा खर्च घटाउन राजनीतिक दलहरूले प्रमुख भूमिका खेल्नुपर्ने बताएका छन् ।

**कुन शीर्षकमा कति खर्च ?**

भदौ २३ मा भएको जेन-जी आन्दोलन र त्यसको भोलिपल्ट भएका हिंसात्मक प्रदर्शनका कारण उत्पन्न राजनीतिक सङ्कटपछि नयाँ सरकार गठन र संसद् विघटन गरिएपछि पछिल्लो निर्वाचन हुन लागेको हो । यसपटक निर्वाचनका लागि अर्थ मन्त्रालयले १९ अर्ब २१ करोड रुपैयाँ स्रोत सुनिश्चितता गरिएको जनाएको छ । अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेय भन्छन- यो सबै हामीले आन्तरिक स्रोतबाटै जुटाएका हौँ । नेपाल सरकारको बजेटबाट नै हामीले स्रोत सुनिश्चितता दिएका हौँ ।

निर्वाचन आयोगका लेखा अधिकृत विष्णुप्रसाद भुसालका अनुसार अधिकांश खर्च निर्वाचन सामग्री र मतदाता शिक्षामा हुने गरेको छ । उनले भने- करिब साढे ४ अर्ब रुपैयाँ मतदान र मतदान केन्द्रसँग सम्बन्धित कुरामा खर्च हुन्छ । त्यसमा ढुवानी, मतदान केन्द्रको निर्माण, कर्मचारीहरू खटनपटन लगायत सुरक्षाकर्मीको निश्चित खर्च पनि पर्छ ।

विगतका वर्षहरूमा जस्तै यसपटक पनि छुट्याइएको बजेटको सबैभन्दा ठूलो हिस्सा सुरक्षामा खर्च गरिदैंछ । गृह मन्त्रालयका अनुसार सबैभन्दा धेरै खर्च झण्डै १ लाख ५० हजार निर्वाचन प्रहरीको भर्ना र परिचालनमा हुनेछ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले प्रहरीका लागि ७ अर्ब १३ करोड र सशस्त्र प्रहरीका लागि ८० करोड ८४ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय जानकारी दिए ।

सञ्चार, इन्धन, गाडी भाडा लगायत विभिन्न शीर्षक अन्तर्गतका खर्च पनि गृहले आफूले प्राप्त गरेको स्रोतमार्फत नै गर्ने बताइएको छ । चुनावमा नेपाली सेनाकातर्फबाट झन्डै ७७ हजार जनशक्ति खटिने अधिकारीहरूले बताएका छन् ।

**औपचारिक र अनौपचारिक खर्च**

पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल निर्वाचनका लागि हुने खर्चको ग्राफ सन् २०१७मा उत्कर्षमा पुगेको र त्यसयता चुनावको खर्च केही घटेको बताउँछन् ।

२०६२/२०६३को जनआन्दोलनपछि पहिलो संविधानसभा निर्वाचन गरिएको समयमा पोखरेल प्रमुख निर्वाचन आयुक्त थिए र त्यसबेला मतदाता नामावली सङ्कलनदेखि निर्वाचन कार्यक्रमहरू सम्पन्न गराउन २ अर्ब ८० करोड रुपैयाँ खर्च भएको आयोगले जनाएको छ ।

उनले भने- त्यसबेला एक जना मतदाताको लागि करिब ४ डलर खर्च परेको थियो, जुन आफैँमा महंगो थियो । त्यसबेला द्वन्द्वपछिको निर्वाचनमा औसतमा प्रति मतादाताका लागि २५ डलर औसत खर्च लाग्ने भनिएको थियो । हामीले सस्तोमा गऱ्यौँ भनेर प्रतिवेदनहरूले भनेपनि त्योभन्दा अघिका संसदीय निर्वाचनहरूभन्दा उक्त खर्च धेरै नै महँगो थियो । पोखरेलले त्यसयताका वर्षहरूमा चुनावमा हुने खर्च अति बढेको उल्लेख गर्दै निर्वाचन व्यवस्थापन, सुरक्षा र उम्मेदवारहरूले गर्ने खर्च सबै वृद्धि भएको जनाए ।

उनी भन्छन्- मुलुकले धान्न नसकिने गरी निर्वाचन खर्चहरू माथि गइरहेको छ । सुरक्षामा असाध्यै ठूलो हाम्रो खर्च भइरहेको छ । निर्वाचनको सुरक्षा भनेको राजनीतिक दलले नै गर्ने हो । तर

*(बाँकी अन्तिम पृष्ठमा)*

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित
उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित
BIRTAMODE EYE HOSPITAL
CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

**सामाजिक सञ्जालमा :**
- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरुको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

**जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नुहुँदैन । यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# कांग्रेसले चुनावका लागि केन्द्रीय संयन्त्र देशभर परिचालन गर्ने




**काठमाडौं, माघ १७।** आगामी फागुन २१ गते हुने चुनावलाई लक्षित गर्दै नेपाली कांग्रेसले केन्द्रीय परिचालन समिति तथा केन्द्रीय सदस्यहरूलाई देशभरका सबै जिल्ला र निर्वाचन क्षेत्रमा परिचालन गर्ने निर्णय गरेको छ।

नेपाली कांग्रेसको केन्द्रिय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा पार्टी प्रवक्ता देवराज चालिसेले संगठनलाई निर्वाचनमा प्रभावकारी रूपमा होम्न केन्द्रीय तहका सबै पदाधिकारी र सदस्यहरूलाई जिल्ला-क्षेत्रस्तरमा खटाउने तयारी गरिएको जानकारी दिए।

प्रवक्ता चालिसेले जनताबाट अनुमोदन प्राप्त गर्ने राजनीतिक संस्था कहिल्यै पुरानो नहुने स्पष्ट पार्दै व्यक्तिहरू मात्र समयसँगै पुराना हुने बताए। 'पार्टी पुरानो हुँदैन, विचार नयाँ दिने हो, नेतृत्व नयाँ दिने हो'- उनले भने- 'विश्वभर नै पुराना पार्टीहरूमा नयाँ नेतृत्व उदाउँछन्, र त्यही प्रक्रियाबाट भरोसायोग्य भविष्य निर्माण हुन्छ।'

उनले लोकतान्त्रिक अभ्यासमा नागरिकको मत निर्णायक हुने उल्लेख गर्दै आगामी निर्वाचनले देशको भावी दिशा तय गर्ने बताए। 'नागरिकले दिने मतले देशको भविष्य निर्धारण गर्छ'- चालिसेले भने- 'कांग्रेस नै देशको भविष्य हो भन्ने विश्वासका साथ पार्टी चुनावी मैदानमा उत्रिएको छ।'

# 'संसद पुनर्स्थापनाको मुद्दामा सर्वोच्चले चाँडो फैसला गरोस्'

**काठमाडौं, मघ १७।** नेकपा एमालेका अध्यक्ष केपी ओलीले फागुन २१ मा चुनाव हुन्छ कि हुन्न भन्ने अझै टुंगो नभएको बताएका छन्।

ओखलढुङ्गा एमालेको चुनावी भेलालाई सम्बोधन गर्दै उच्च पहाडी र हिमाली भेगमा मान्छे नै नभएको भन्दै उनले भोट हाल्नको लागि हिमाल चढ्नजस्तै गरी कोही नजाने बताए। उनले भने- 'हिमाली भेगमा मान्छे नै छैन। मान्छे नै नभएको ठाउँमा बाक्सा थापेर के हुन्छ ? ४ हजार मान्छे भएको ठाउँमा ४ जनाले भोट हालेर के हुन्छ ? चुनावको नाटक मात्रै हुन्छ। उच्च पहाडी र हिमाली भेगमा भोट हुनेवाला नै छैन।'

उनले भदौ २३ र २४ गते देशलाई भयानक सङ्कटमा पार्नको लागि उत्पात मच्चाइएको आरोप लगाए। असंवैधानिक सरकारले विघटन गरेको संसदबारे सर्वोच्च अदालत कानमा तेल हालेर बस्न नमिल्ने उनले बताए। उनले संसद् पुनर्स्थापनाको मुद्दाबारे चाँडो फैसला गर्न माग गरे।

उनले भने- 'अदालतले तत्काल फैसला



दिनुपर्छ चुनाव गर्ने कि पुनर्स्थापना गर्ने, हामीले पुनर्स्थापनाको माग गरिरहेका छौं, त्यो सुन्दै नसुन्ने, संविधान मिचिएको छ भनिरहेका छौं।

अदालतले बोल्नुपर्‍यो, संविधान मिचिएको छैन भने पनि मिच्न पाइन्छ भने पनि अदालतले भनेपछि हामी मान्छौं।' अदालतले जे फैसला गरे पनि आफूहरू स्वीकार्ने भन्दै उनले चुनावअघि नै बोल्नुपर्ने बताए। संवैधानिक सङ्कटमा देश फसेको बेलामा मौन बस्दा अदालतको औचित्यमाथि नै प्रश्न उठ्ने उनले दावी गरे।

## विखण्डित ...

| उम्मेदवारको पूरा नाम/थर | राजनीतिक दल | प्राप्त सदर मत |
|---|---|---|
| देवराज घिमिरे | नेकपा एमाले | २८७१६ |
| भद्रप्रसाद नेपाल | स्वतन्त्र | २६४५५ |
| हरिकुमार राना | माओवादी केन्द्र | १३९३० |
| रुद्रप्रसाद गिरी | राष्ट्रिय स्वतन्त्र पार्टी | ८७८१ |
| राम सुफल कामती | जनता समाजवादी पार्टी | १३३ |
| महेन्द्र खायमाली | नेपाल मजदुर किसान पार्टी | १४ |
| त्रिनारायण राजवंशी | लोकतान्त्रिक समाजवादी पार्टी नेपाल | ४२८ |
| ज्ञानेन्द्र राज कार्की | नेपालका लागि नेपाली पार्टी | १०५ |
| सन्तोष घिमिरे | नेपाल विवेकशील पार्टी | २५२ |
| अकलबहादुर तामाङ | मंगोल नेशनल अर्गनाइजेशन | ६८४ |
| रेश्मा चेम्जोङ | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | ७६२ |
| प्रशुराम मगर | राष्ट्रिय जनमुक्ति पार्टी | २८८ |
| नारायणवहादुर भारती | नेपाली कांग्रेस वीपी | ४४६ |
| कृष्णप्रसाद गौतम | जनसमाजवादी पार्टी नेपाल | ९९ |
| कुमार भट्टराई | स्वतन्त्र | २४४ |
| खेमराज दाहाल | स्वतन्त्र | २० |
| चेतकुमार खनाल | स्वतन्त्र | ८० |
| राजकुमार तामाङ लामा | स्वतन्त्र | २८३ |

परिणाममा निर्णायक भूमिका खेल्नसक्छ। विशेषगरी युवा मतदाता विकास, रोजगारी र वैकल्पिक राजनीतिक नेतृत्वको एजेण्डाप्रति आकर्षित हुने संकेत देखिन्छ। जुन जनस्तरमा चर्चाको विषय छ।

यस निर्वाचनलाई दलगत शक्ति र व्यक्तिगत लोकप्रियताबीचको प्रतिस्पर्धाको रूपमा पनि हेरिएको छ। घिमिरे संगठन र सत्ता अनुभवका आधारमा बलिया देखिन्छन् भने राना र नेपाल वैकल्पिक राजनीतिक प्रतिनिधित्वको प्रतीकका रूपमा प्रस्तुत भएका छन्।

त्यसैगरी प्रसाईं, चापागाँईं र कानून तथा संविधानका ज्ञाता युवराज संग्रौला जस्ता अनुभवी उम्मेदवारको उपस्थितिले प्रतिस्पर्धालाई बहुआयामिक बनाएको छ।

झापा-२को परिणामले केवल स्थानीय राजनीतिक समीकरण मात्र होइन, राष्ट्रिय शक्ति सन्तुलनमा पनि प्रभाव पार्न सक्ने विश्लेषण भइरहेको छ। विशेषगरी नेतृत्व सम्हालेका व्यक्तिहरू प्रत्यक्ष निर्वाचनबाट पुनः संसद पुग्ने वा नपुग्ने प्रश्नले राष्ट्रिय राजनीतिमा प्रतीकात्मक अर्थ राख्छ।

फागुन २१को निर्वाचनलाई झापा-२ का लागि मात्र नभई नयाँ र पुराना राजनीतिक धारबीचको जनमत परीक्षणको रूपमा पनि हेरिएको छ। यहाँको परिणामले आगामी संसदीय राजनीति र दलगत रणनीतिमा समेत प्रभाव पार्ने अपेक्षा गरिएको छ।

झापा २मा अघिल्लो निर्वाचनमा १८ जना उम्मेदवार चुनावी प्रतिष्र्धामा थिए। यसपटक पनि संयोगका रुपमा १८ जना उम्मेदवार नै चुनावी दौडमा छन्। जसमा तीन जना स्वतन्त्र उम्मेदवार पनि छन्।

जिल्ला निर्वाचन कार्यालय झापाले सार्वजनिक गरेको अन्तिम नामावलीमा अकलबहादुर तामाङ, अमृता लावती, अर्जुनकुमार पाण्डे, इन्दिरा रानामगर, केशवकुमार भण्डारी, चन्द्रकुमारी गारु, चूडाकर्ण बेघा, तिलबहादुर राई, देवराज घिमिरे, धर्माशिला चापागाँई, पुण्यप्रसाद आचार्य, भद्रप्रसाद नेपाल, मानबहादुर पुलामी मगर, युवराज संग्रौला, रमेशकुमार कार्की, रमेशकुमार राजवंशी, श्रीप्रसाद सिटौला र सरिता प्रसाईं चुनावी प्रतिष्पर्धामा उत्रिएका हुन्।

# बालबालिकामा पनि हुनसक्छ 'ग्यास्ट्रिक'

**काठमाडौँ, माघ १७।** सामान्यतः ठूला मानिसलाई हुने 'ग्यास्ट्रिक' बालबालिका पनि हुने गर्दछ। बालबालिकालाई 'एच प्योलोरी' भन्ने किटाणुको सङ्क्रमणको कारणले 'ग्यास्ट्रिक' हुन्छ। यो कीटाणुको सङ्क्रमण बच्चादेखि नै हुन्छ। जब बच्चा चिल्लोपिरो, जङ्कफुड खाने गर्दछन् तव 'ग्यास्ट्रिक' हुन्छ।

यस्तै 'पेनकिलर'ले पनि बच्चालाई 'ग्यास्ट्रिक' बनाउने गरेको कान्ति बाल अस्पतालका बच्चाको पेटसम्बन्धी चिकित्सक डा. सुमित अग्रवालले जानकारी दिए । बयस्क मानिसलाई 'ग्यास्ट्रिक'ले पेट दुख्ने, खाना नरुच्ने, मुखमा अमिलो आउने गर्दछ।

बालबालिकालाई भने पनि मुखबाट अमिलो पानी आउने, बिहान र साँझ पेट दुख्ने, कसैलाई खाना खाएपछि धेरै पेट दुख्ने, कसैलाई खाना खाएपछि कम हुने, लगातार बान्ता आउने, पेट फुल्नेजस्ता समस्या देखा पर्दछन्। यसपछि बच्चाको आहार घट्दै जान्छ र उपचार ढिला हुँदा विस्तारै तौल घट्दै जान्छ।

समयमा उपचार नगरे ग्यास्ट्रिकले पेटको दुखाइको मात्रा बढेपछि मुखबाट रगतसमेत आउन सक्ने, पेटको सानो आन्द्राको प्वाल खुम्च्याउने, सानो आन्द्राको पहिलो भागमा अल्सरजस्ता समस्या देखापर्ने उनले बताए। उनका अनुसार कान्ति अस्पतालमा दिनमा दुइ-तीन 'ग्यास्ट्रिक' भएका बालबालिका आउने गर्दछन्। यस्तै रगत नै बान्ता गर्ने बिरामी हप्तामा एक/दुई जना अस्पताल आउने गरेका छन्।

चिकित्सक डा. अग्रवालले हप्तामा तीनदेखि पाँचको इण्डोस्कोपी गरेपछि ७५ प्रतिशतमा बालबालिकामा 'एच प्योलोरी' किटाणुको सङ्क्रमण हुने गरेको बताए। शरीरमा चाहिनेभन्दा बढी मात्रामा एसिड उत्पादन हुनुलाई सामान्यतया ग्यास्ट्रिक भनिन्छ।

उनका अनुसार सामान्यता १८ महिनादेखि १४ वर्ष मुनिका बालबालिकामा 'एच प्योलोरी' किटाणुको सङ्क्रमण हुने र 'ग्यास्ट्रिक' देखिने गर्दछ। एच प्योलोरी भन्ने किटाणुका कीटाणु सानै उमेरदेखि शरीरमा भए पनि सात/आठ वर्ष नाघेपछि मात्रै यसको लक्षण देखा पर्छ। डा अग्रवालले 'एच प्योलोरी' जिवाणु औषधि दुई हप्ता खाएपछि निको हुने बताए।

# अनावश्यक रूपमा बिरामीलाई 'रिफर' नगर्न बीमा बोर्डको निर्देशन

**काठमाडौँ, माघ १७।** स्वास्थ्य बिमा बोर्डले बिमामा आबद्ध सबै स्वास्थ्य संस्थालाई बिरामीलाई अनावश्यक रिफर (प्रेषण) नगर्न निर्देशन दिएको छ।

बोर्डका सूचना अधिकारी विकेश मल्लले अनावश्यक रिफर गर्दा बिरामीलाई पनि सास्ती हुने र अनावश्यक स्वास्थ्य परीक्षण हुने भएकाले अनावश्यक रिफर नगर्न अस्पताललाई निर्देशन दिइएको बताए।




बोर्डले शनिवार सबै सेवा प्रदायक स्वास्थ्य संस्थालाई परिपत्र गर्दै आफ्नो अस्पतालमा उपलब्ध सेवा नजरअन्दाज गरी बिरामीलाई अनावश्यक रिफर नगर्न निर्देशन दिएको हो। सेवा प्रदायक स्वास्थ्य संस्थाले आफ्नो संस्थामा पर्याप्त सेवा हुँदाहुँदै र हुनुपर्ने सेवा उपलब्ध गर्नुपर्नेमा स्वास्थ्य बिमा ऐन २०७४, स्वास्थ्य बिमा नियमावली २०७५ तथा प्रेषण कार्यविधि २०८० विपरीत अनावश्यक रूपमा प्रेषण गरेको पाइएकाले त्यस्तो नगर्नु हुन अनुरोध छ- परिपत्रमा भनिएको छ।

बोर्डले सेवा उपलब्ध गराउन नसक्ने भएमा प्रेषण पुर्जी भरी त्यस्तो सेवा सुनिश्चित हुने गरी नजिकको स्वास्थ्य संस्थामा पठाउन निर्देशन दिएको छ।

यस्तै, अनावश्यक प्रेषण गरेको पाइएमा दाबी मूल्याङ्कन तथा रुजु गर्दा त्यस्तो सोध भर्ना नगरिनाका साथै त्यस्ता स्वास्थ्य संस्थाको स्वास्थ्य बिमा नियमावली २०७५ अनुसूची ८को ४ (ग) बमोजिम सम्झौता स्थगन वा रद्द हुने भनी सूचित गरिएको बोर्डका सूचना अधिकारी मल्लले जानकारी दिए।

# 'आ बाट आमा' र 'द ब्लू लाइट' ले कति शो पायो ?







गत मंसीर यता नेपाली फिल्महरूले अपेक्षित व्यापार गर्न नसक्दा फिल्म क्षेत्रमा अन्यौलता छाएको छ। १६ माघबाट प्रदर्शनमा आएको दुई फिल्म 'आ बाट आमा' र 'द ब्लू लाइट'प्रति देखिन्छ। यी दुवै फिल्ममा स्थापित कलाकारहरूको पल्टन रहेकाले बक्स अफिस चलायमान हुने अपेक्षा गरिएको छ।

बुधबारबाट दुई फिल्ममध्ये 'आ बाट आमा'ले उच्च शो पाएको छ भने 'द ब्लू लाइट'ले भने ६१ शो पाएको छ।

यी दुवै फिल्म फरक शैली र विषयमा बनेका छन्। 'आ बाट आमा' आमा-छोराबीचको भावनात्मक सम्बन्ध, वैदेशिक रोजगारी र त्रिकोणात्मक प्रेमकथामा आधारित छ भने 'द ब्लू लाइट' साइकोलोजिकल थ्रिलर फिल्म हो। यस हिसाबले दुवै फिल्मका लक्षित वर्ग फरक छन्। अब दर्शकको रोजाइमा कुन पर्छ, त्यो प्रतीक्षाको विषय हो।

चन्द्र पन्तको निर्देशनमा बनेको 'आ बाट आमा'मा विपना थापा, प्रदीप रावत (गजनी भिलेन), पल शाह, साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम, विशाल पहाडी, रवीन्द्र झा, गजित बिष्ट, दीलिप उखेडा, हेमराज अधिकारी लगायतको अभिनय रहेको छ। फिल्ममा ओमकार पन्त, कृष्णप्रसाद सुवेदी, ध्रुव न्यौपाने, प्रकाश कुँवर र क्षितिज ढुङ्गाना निर्माताामा छन्।

त्यस्तै, बलिराम चौहानको निर्देशनमा तयार भएको 'द ब्लू लाइट' मा बेनिशा हमाल, अर्पण थापा, आयुष्मान देशराज जोशी, सृष्टि श्रेष्ठ, महेश त्रिपाठी, सुरक्षा इटानी लगायतको अभिनय रहेको छ। बेनिशा यो फिल्मको कार्यकारी निर्माता पनि हुन्। उनले यसको डिजिटल अधिकार समेत खरिद गरेकी छन्। फिल्ममा निर्देशक चौहान स्वयम्को लेखन रहेको छ।

# युट्युबमा सुपरहिट 'ऊनको स्वीटर'




अक्सर नेपाली फिल्म हलमा फ्लप र युट्युबमा सुपरहिट हुने गरेका छन्।

युट्युबमा निःशुल्क हेर्न पाइने सुविधा भएकाले प्रायः फिल्मलाई उल्लेख्य भ्यूज मिल्ने गरेको छ। यद्यपि, युट्युबमा भ्यूजको खडेरी देखिएका स्थापित कलाकारहरूकै फिल्म पनि धेरै छन्। यस्तोमा फिल्म 'ऊनको स्वीटर'ले हलसँगै युट्युबमा पनि लोभलाग्दो सफलता पाएको छ।

७ दिनअघि युट्युबमा रिलिज भएको 'ऊनको स्वीटर' यस वर्षको सुपरहिट फिल्म हो। यसले प्रदर्शनको ५१ दिन मनाउँदै ११ करोड ४१ लाखभन्दा बढीको ग्रस व्यापार गरेको थियो। भारतमा पनि फिल्मले २ करोड ४० लाख नेरू (डेढ करोड भारू) कमायो। फिल्मसँगै यसमा समावेश 'फूल', 'चाइनेजो जिन्दगानीमा', 'काफ्ले' र 'मखमली' गीत पनि दर्शकमाझ उत्तिकै लोकप्रिय भए। हलमा रिलिज हुँदा सर्वाधिक चर्चामा रहेको यो फिल्मले युट्युबमा पनि ठूलै हलचल ल्याएको छ। रिलिजको ७ दिनमा ६६ लाखभन्दा बढीले फिल्म हेरिसकेका छन्।

युट्युबको कमेन्ट सेक्सन प्रशंसाले भरिएको छ। कथादेखि संगीत, अभिनय, छायांकन, संवाद जस्ता पक्षलाई दर्शकहरूले १०मा १० रेटिङ दिएका छन्। धेरैले फिल्मको सिक्वेल बन्नुपर्ने माग समेत गरेका छन्।

युट्युबमा फिल्मलाई अत्याधिक रूचाइएपछि अभिनेता विपीन कार्कीले बुधबार एक भिडियो सन्देशमार्फत दर्शकहरूप्रति आभार व्यक्त गरेका छन्।

नवीन चौहानको निर्देशनमा बनेको फिल्ममा विपिनसहित मिरूना मगर, एलेक्स पारस, परीक्षा लिम्बू, बिल्सनविक्रम राई (तक्मे बुढा), सुनिल पोखरेल, सुरज तमू, भावना खपाङ्गी, माओत्से गुरुङ, प्रेम सुब्बा लगायतले अभिनय गरेका छन्। अन्तरजातीय प्रेमकथामा आधारित यस फिल्ममा चिन्तनराज भण्डारीको छायांकन तथा सुजन चापागाँईले संगीत छ।

## घृणास्पद ...

निर्वाचन कार्यालय तथा जिल्ला आचारसंहिता अनुगमन अधिकृत समक्ष लिखित, मौखिक एवम् विद्युतीय माध्यमबाट उजुरी दिन सकिने उनले बताए।

## चुनावमा ...

दलहरूले झगडा गरिदिने, आचारसंहिता भित्र नबसिदिने अनि जनताले तिरेको पैसाबाट उनीहरूको झगडा मिलाउनका लागि राज्यले लगानी गर्नुपर्ने पाटोलाई हामीले पुनरावलोकन गर्नुपर्ने देखिन्छ।

उनले थपे- हाम्रो केन्द्रीकृत तरिकाबाट निर्वाचन भइरहेको छ। यसलाई कसरी विकेन्द्रिकृत गर्न सकिन्छ भन्नेमा हामीले काम गर्नसक्छौं। कतिपय लोकतान्त्रिक मुलुकमा निर्वाचनको सञ्चालन, व्यवस्थापन र कर्मचारी खटाउने कामहरू राजनीतिक दल र स्थानीय सरकारहरूले नै गरिरहेको अवस्था छ। स्थानीय स्तरमा नै भएका जनशक्तिको प्रयोग गरेर हामी निर्वाचनमा गयौं भने त्यसले यो खर्च घटाउनसक्छ।

**विगतका चुनावमा कति खर्च ?**

सन् १९९१को आम निर्वाचनमा उम्मेदवारहरूलाई ७५ हजार खर्च सीमा तय गरिएको थियो र करिब १ करोड १० लाख रुपैयाँ खर्च गरेर निर्वाचन आयोगले चुनाव सम्पन्न गराएको थियो।

महालेखा परीक्षकको कार्यालयको प्रतिवेदन अनुसार सन् २०२२को निर्वाचनका लागि सरकारले निर्वाचन आयोगलाई झण्डै ८ अर्ब रुपैयाँ बजेट विनियोजन गरिदिएको थियो। त्यसमध्ये ६ अर्ब ६७ करोड रुपैयाँ खर्च भएको महालेखा परीक्षकको प्रतिवेदनमा जनाइएको छ।

उक्त निर्वाचनमा विगतको तुलनामा खर्च कम भएको भएपनि मौज्दातमा रहेका पुनः प्रयोग गर्न सकिने सामानहरू प्रयोग नगरिएका विक्रम सम्वत् २०८१ को महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएको छ।

सन् २०१७को प्रतिनिधिसभा निर्वाचनमा ७ अर्ब ८० करोड रुपैयाँ खर्च भएको निर्वाचन आयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ। सन् २०१७को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा प्रति मतदान केन्द्र खर्च ३ लाख ९३ हजारभन्दा बढी र प्रतिमतदाता खर्च ५०६ रुपैयाँ रहेको जनाएको थियो।

अघिल्लो पटकको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा प्रति मतदाता खर्च ३८० रुपैयाँ रहेको र प्रति मतदान केन्द्र खर्च ३ लाख ३५ हजार रुपैयाँ रहेको आयोगले बताउने गरेको छ। सन् २०१७ र सन् २०२२ को आम निर्वाचनमा डेढदेखि दुई गुणाबढी रकमसम्म सुरक्षामा खर्च हुने गरेको अधिकारीहरू बताउँछन्।

पोखरेल जस्ता कतिपय विज्ञहरू चुनाव गराउन सरकारले गर्ने खर्चबाहेक अपारदर्शी रूपमा निर्वाचनका क्रममा कतिपय दल र उम्मेदवारहरूले गर्ने गरेका खर्च ठूलो चुनौती बनेको भन्दै दलहरूको वित्तीय सुधारबारे पनि ठोस निर्णय गरिनुपर्ने बताउँछन्।

पूर्व प्रमुख निर्वाचन आयुक्त पोखरेलले भने- जसरी भारतमा यति पैसा बरामद गर्‍यौं, सुन र रक्सी जफत गर्‍यौं भनेर त्यहाँको निर्वाचन आयोगले भन्छ, हामीले पनि यहाँ त्यस्तै किसिमको संयन्त्र बनायौं र चुनावी अभियानहरू चलायौं भने केही निरुत्साहित गर्न सक्छौं। मतदाता पनि शुद्ध हुनुपर्‍यो। कार्यकर्ताहरू दलको पकडमा नहुँदा पनि चुनाव खर्च बढी रहेको छ। निर्वाचनको समयमा कार्यकर्ताले नै उम्मेदवारसँग मोलतोल गर्ने गरेको पाइन्छ।

**यस पाली दातृ निकायबाट के-के सहयोग आए ?**

मतदाता शिक्षा कार्यक्रमको सञ्चालनका बाहेक कतिपय दातृ निकायले अघिल्लापटकका निर्वाचनहरूमा पनि सुरक्षा निकायहरूलाई सवारी साधन र निर्वाचन आयोगलाई मत खसाल्ने बाकस, ल्यापटप जस्ता विभिन्न प्रकारका निर्वाचन सामग्री उपलब्ध गराएका थिए।

विगतका वर्षहरूमा अनुदानमा पाएका कतिपय सामाग्रीहरू आफूहरूले यसपटक निर्वाचनमा प्रयोग गरेका र कतिपय दातृ निकाय र मित्रराष्ट्रहरूले यसपालि पनि सहयोग उपलब्ध गराएका निर्वाचन आयोगका अधिकारीहरू बताउँछन्।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले गएको सेप्टेम्बरमा विगतमा नै खरिद गरिएका मतपेटिकाहरू यसपटकको निर्वाचनमा प्रयोग गर्न लागिएको बताएका थिए। आगामी निर्वाचनका लागि ६५० वटा सवारी साधन उपलब्ध गराउने घोषणा भारत सरकारले गरेको छ।

गृह प्रवक्ता काफ्लेका अनुसार भारतले नेपाललाई निर्वाचनका लागि भन्दै १०६ वटा सवारी साधन उपलब्ध गराइसकेको छ। त्यसबाहेक २०९ वटा सवारी साधनहरूको भन्सार पासको प्रक्रिया अघि बढाइएको उनले उल्लेख गरे। गाडीबाहेक भीड नियन्त्रणमा प्रयोग हुने गैरघातक किसिमका सामग्रीहरू पनि भारतले नेपाललाई अनुदानका रूपमा दिएको छ।

निर्वाचन आयोगका सह प्रवक्ता कुलबहादुर जिसीले आयोगले दाताहरूबाट प्राप्त गरेका सामग्रीहरूलाई निर्वाचनपछि पनि प्रयोग गर्न मिल्ने गरी मौज्दात राख्ने गरेको बताउँछन्। उनले भने- केन्द्र, प्रदेश र जिल्ला तहका कार्यालयहरूमा पनि कतिपय त्यस्ता सामानहरू मौज्दात हुन्छन् र तिनीहरूलाई चाहिएको बेलामा हामी प्रयोग गर्छौं- उनले थपे।

निर्वाचनको समयमा विभिन्न गैरसरकारी संस्था र दातृ निकायले पनि निर्वाचन लक्षित कार्यक्रम र चुनाव पर्यवेक्षण सम्बन्धी गतिविधिहरू सञ्चालन गर्ने गर्छन्। बीबीसी




श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# महिला सहभागिता

**संविधानले संघीय संसद र प्रदेश सभामा कूल सदस्य संख्याको तेत्तीस प्रतिशत महिलाको सहभागिता सुनिश्चित गरेको छ । उक्त प्रावधान अनुसार प्रत्यक्ष निर्वाचनमा महिला सहभागिता नहुने गरेको छ । अर्थात् राजनीतिक दलहरुले प्रत्यक्षतर्फ महिला उम्मेदवारी कमै मात्र उठाउने गरेका छन् । जसका कारण संवैधानिक व्यवस्था समानुपातिक निर्वाचन प्रणालीबाट पुऱ्याउने गरिएको छ । विगतदेखिकै दलहरुको यस्तो व्यवहार आसन्न फागुन २१ को निर्वाचनमा पनि देखिएको छ । निर्वाचन आयोगका अनुसार आउँदो निर्वाचनमा प्रत्यक्षतर्फको एक सय पैसठ्ठी सिटमा अड्सठ्ठी दल र एघार सय सतासी जनाले उम्मेदवारी दिएका छन् ।**

**आश्चर्यको विषय हो कि ठूला र पुराना भनिएका दलहरु पनि संविधानको व्यवस्था अनुसार प्रत्यक्षतर्फ तेत्तीस प्रतिशत महिला उम्मेदवारी दिन सकिरहेका छैनन् । देशभरबाट तीन हजार अठासी जनाले उम्मेदवारी मनोनयन दर्ता गरेका छन् । त्यसमध्ये महिला उम्मेदवारको संख्या तीन सय अठासी जना मात्रै छ । अझ स्वतन्त्र उम्मेदवारी दर्ता गरेकाहरुको संख्या एक सय सन्ताउन्न जना रहेको छ । उम्मेदवारी दर्ता गरेका मध्ये राजनीतिक दलहरुबाट उम्मेदवारी दर्ता गरेकाहरुको संख्या थोरै छ । यसले दलहरु अझै पनि प्रत्यक्ष निर्वाचन र नेतृत्व तहमा महिला माथि विश्वास गर्न सकिरहेका छैनन् भन्ने देखाउँछ । आफैंले बनाएको भनिने संविधानको प्रावधान उनै दलहरुले कार्यान्वयन गर्न नसक्नु महिलालाई हेर्ने दृष्टिकोण पुरानै रहेको भन्न सकिन्छ ।**

**राजनीतिक दलहरु कथनीमा महिला समानता र सहभागिताको कुरा गर्छन् । सार्वजनिक सभा, समारोह, मञ्च र घोषणापत्रमा समावेशिता र समानताको कुरा उठाउँछन्, तर यथार्थमा निर्वाचन जित्न नसक्ने धारणाका साथ प्रत्यक्ष निर्वाचनबाट वञ्चित गरिन्छ । यस्तोमा सवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न समानुपातिक प्रणालीको भर पर्नुपर्ने हुन्छ, जुन विगतदेखि नै आलोचित हुँदै आएको छ । यसो गर्नु संविधानको मर्म र भावनाबिरुद्ध हो र यसले सामाजिक न्याय, लैङ्गिक समानता र समावेशी विकासको मर्मलाई समेत कमजोर बनाउँछ । यस्तो विभेदले एकातिर सामाजिक परिवर्तन सम्भव छैन अर्कोतिर महिलाको सार्वभौम अस्तित्व स्वीकार गरेको ठानिँदैन । त्यसैले पुराना दलहरुले मुख्यत: नियत बदल्न जरुरी छ । महिला सहभागिता प्रजातन्त्रको अनिवार्य शर्त हो, यसको पालना अगुवा हौं भन्नेहरुले नै गर्नुपर्छ ।**

# सोहराय पर्व


शिवु मुर्मू

**परिचय**

सोहराय पर्व सन्थाल जातिहरूको महान् धार्मिक पर्व हो। यो पर्व हात्ती जस्तै ठूलो पर्वको रूपमा लिइन्छ। यो पर्व यस्तो पर्व हो कि, सन्थालहरूको चाड सँगसँगै अन्नवाली संरक्षण र गाईवस्तुहरूको सम्मान गर्ने पर्व हो, सोहराय शब्दको उत्पत्ति 'साहाराय'बाट बोल्दा-बोल्दा 'सोहराय' भएको हो, यो पर्व छ दिनको मनाइन्छ। सोहरायको पहिलो दिनलाई 'उम भनिन्छ, क्रमशः दोस्रो दिनलाई 'दाका', तेस्रो दिनलाई 'खुन्टौ', चौथो दिनलाई 'जाली', पाँचौं दिनलाई 'हाकुकाद्कम', छैटौं दिनलाई 'साकरात' भनिन्छ। नेपालको सन्दर्भमा सोहराय पर्वको अवस्था हेर्दा, गाउँको समय अनुकूल कसैले पुस महिनाको अन्तिममा मनाउँछन्, कसैले माघ महिनाको पूर्णिमामा मनाउँछन् भने कसैले फागुनको पूर्णिमासम्म मनाएको पाइन्छ। तर, माघ महिनाको पूर्णिमादेखि मनाउन अधिकांश सन्थालहरू सहमत रहेको पाइन्छ।

यसै कुरामा आधारित रहि सन्थालहरुको जातीय संस्था नेपाल सन्थाल आदिवासी उत्थान संघ केन्द्रिय समिति पहलमा मिति २०८१ चैत १९ गते कोशी प्रदेश सरकारद्वारा प्रकाशित 'प्रदेश राजपत्र'मा सन्थाल समुदायलाई सोहराय पर्व- माघ शुक्ल पुर्णिमा माघ १८ गते आइतबार दिन एकदिन सार्वजनिक बिदा दिएको छ। झापा मोरङको स्थानीय केही तहहरूले स्थानीय विदा गरेको छ। सोहराय पर्व माघ शुक्ल पुर्णिमा अर्थात यसपाली माघ १८ गतेदेखि शुरु गरी माघ २३ गतेसम्म छ दिनमा विधिगत रुपमा यो पर्व सन्थालहरूको धर्म 'सारना' (बिदिन) धर्म अन्तर्गत रहेर यो पर्व मनाइन्छ।

**पहिलो दिन**

सोहराय पर्वको पहिलो दिनलाई 'उम' भनिन्छ। उम भनेको नेपालीमा 'नुहाउनु' हो, यो दिन महिलाहरू घर, आँगन सरसफाई गर्ने, पुराना कपडाहरू सफा गर्ने र आफू सफासुग्घर भएर बस्ने गर्दछन्। पुरुषहरू चाहिँ गाउँको प्रतिनिधि गुडितको नेतृत्वमा गाउँको प्रत्येक घरमा गएर चामल, नुन, खोर्सानी, बेसार, कुखुरा, परेवा र दाउरा जस्ता आवश्यक पूजा सामग्री सङ्कलन गर्दछन्।

गाउँको पुजारी नाइकी बाबाले एउटा नयाँ नाङ्लोमा मेथि, सिन्दुर, पिठो, अगरबत्ती, अण्डा, सानो गाग्री, काँचो धाँगो जस्ता पूजामा आवश्यक पर्ने सामानहरू लिएर गटथानतिर प्रस्थान गर्नुहुन्छ। जाहेरथान, माझीथानभन्दा अलिक टाढा अलग्गै बनाएको शुद्ध ठाउँ बा एकै ठाउँ भेला हुने ठाउँलाई 'गटथान' भनिन्छ। त्यहाँ गाउँका सम्पूर्ण सन्थालहरू भेला भएपछि गाउँका प्रतिनिधिसँगै नाइकीले गटथानमा देवताको अलग-अलग स्थान बनाउँछन्, जसलाई सन्थालीमा 'खन्ड' भनिन्छ। सन्थाल जातिको सबैभन्दा ठूलो देवता माराडबु लगायत जाहेरथानका सम्पूर्ण देवताहरूलाई विधिगत रूपमा अण्डा, पानी, जाँड, खुक्रा, परेवा जस्ता देवता अनुसारको फरक-फरक पूजा गरिन्छ, पूजापाठ सम्पन्न भइसकेपछि बलिको रूपमा पूजा गरेका कुखुरा परेवाहरूलाई एकै ठाउँमा भेला गरी पोलेर मासु बनाउँछन्, त्यो कुखुराको मासुलाई चामलसँग पकाएर खिचडी बनाइन्छ, जसलाई सन्थालीमा 'सोढो' भनिन्छ।

जुन गटथानमा भेला भएका सम्पूर्णले प्रसादको रूपमा ग्रहण गर्दछन् र घरमा रहेकालाई घरमै पुऱ्याई दिने चलन छ। त्यसपछि गाउँभरिका गाईवस्तुहरूलाई भेला गरिन्छ गटथानमा राखिएको सिङ्गो अण्डालाई गाउँको सबै गाईवस्तुलाई एकेचोटी गटथानतिर धपाइन्छ, जुन गाई अथवा गोरुले उक्त अण्डालाई टेक्छ, त्यो गाई बा गोरुलाई समाएर खुट्टा धोएर तेल सिन्दुर लगाइ दिन्छन्, सो गोरु धनीलाई सो वर्गको भाग्यमानी मानिन्छ, आउने दिनको सोहराय पर्वमा वस्तुको धनीले एक गाग्रो जाँड दिनुपर्ने हुन्छ। गटथानबाट नाइकीलाई बाजागाजासहित घर पुऱ्याउँछन्। नाइकीले एकलोटा पानी र नाङलो बोकेर घरतिर प्रस्थान गर्दछ।

अरू नाइकी बाबाको पछिपछि बाजा बजाउँदै जान्छन्रु, नाइकीले लगेको लोटाको पानीलाई घरको छानोमा खन्याई भिजेर घरतिर प्रवेश गर्दछ। त्यहाँबाट सम्पूर्ण मानिस जगमाझीको घरमा पग्छन्। जगमाझीले पनि प्रसादको रूपमा जाँड दिन्छ, गाईवस्तुहरूलाई पनि चाडपर्वको अनुभति गराउनको लागि प्रत्येक गोटमा गई बाजागाजा बजाई लोकगीत गाउँछन्। घरको मान्छेले गाईवस्तुलाई तेल लगाइदिन्छन्, यसरी नै सोहरायको पहिलो दिन समाप्त हुन्छ।

**दोस्रो दिन**

सोहरायको दोस्रो दिनलाई 'दाका' भनिन्छ। ढाका भनेको नेपालीमा 'भात' हो, ढाकाको दिन चाहिँ बिहान सबेरै प्रत्येक गोटमा गई बाजा बजाउँदै गीत गाउँछन्। जसलाई सन्थालीमा 'गोईकाँडा जागाउ' भनिन्छ, त्यसपछि मात्र गोटबाट निकालिन्छ, यस दिन विशेष



गरी निम्तो गरिएको छोरीचेली र परपाहुनाहरू आउने दिन हो। यो दिन पाहुनाहरू पर्खेर बाटो हेरिरहेका हुन्छन्। बेलुकीपख निम्तालु छोरीचेली तथा पर पाहुनाहरू आइपुग्छन् र उनीहरू सम्बन्ध अनुसार ढोगेर सम्मान तथा स्वागत गरिन्छ, सबैजनालाई गोडा धोइदिने चलन छ, साइनो अनुसार ज्वाइँ आएको खण्डमा सालीले भिनाजुको खुट्टा थालमा राखेर धोइदिन्छ, भैनाले सगुनको रूपमा रुपैयाँ, लुगाफाटा नदिएसम्म खुट्टा दुई हातले समाई रहेको हुन्छ।

गच्छे अनुसार भेनाले लुगाफाटा तथा रुपैयाँ दिएपछि सालीले खुट्टा छोडिदिन्छ। यस अवस्थामा साली नभएको अवस्थामा भदैनी धोइ दिने चलन पनि छ, त्यसपछि छोरी ज्वाइँ तथा पाहुनालाई चियानास्ता गराउँछन्, त्यो दिन प्रत्येक घरको कुल देवता लगायत पितृ देवताहरूलाई पूजा गरिन्छ। त्यसपछि घरपरिवारको आर्थिक अवस्था अनुसार मिठो मसिनो खाएर समाप्त हुन्छ।

**तेस्रो दिन**

सोहरायको तेस्रो दिनलाई 'खुन्टौ' भनिन्छ, खुन्टौ भनेको नेपालीमा पगा लगाउनु हो, यो दिने गाईवस्लुहरूको लागि विशेष दिनको रूपमा मानिन्छ। यो दिन पनि बिहान सबेरै गाउँले प्रत्येक गोटमा गएर बाजागाजा बजाउँदै गीत गाउने चलने छ। यो दिन गाईवस्तुको पर्व रहेको हनाले गाईगोरुलाई राम्ररी नुहाइदिने, तेल लगाइ दिने, हरियो घाँस खुवाउने र वर्ष भरी उनीहरूप्रति गरिएको अन्याय प्रतिको क्षमा याचना गर्ने जस्ता क्रियाकलाप गरिन्छ। गाउँको प्रतिनिधिहरूको निर्णय अनुसार आफ्नो गाउँ खुल्ला ठाउँमा एउटा दरो किलो गाडिन्छ, त्यहाँ लिपपोत गरिन्छ, र त्यहाँ एउटा गोरु बाँधिन्छ।

त्यो गोरुलाई पुनः तेल सिन्दुर, पिठो लगाएर जिउ सिँगार गरिन्छ। जसलाई सन्थालीमा 'गोईकाँडा चारहाउ' भनिन्छ, गाउँका युवा केटाहरू बाजा बजाउँदै गोरुलाई जिस्काउने तथा तर्साउने गर्दछन्, उसको घाँटीमा झुन्डाएको पैसा खोस्ने प्रयत्न गर्दछ। र, गाउँका सम्पूर्ण मानिसले रमाइलोको त्यो दृश्य हेरिरहेका हुन्छन्। त्यसपछि महिला पुरुष नाँच गान रमाउलो गर्दै, शुभकामना साटासाट गर्दछन्। यसरी नै तेस्रो दिनको कार्याविधि समाप्त हुन्छ।

**चौथो दिन**

सोहरायको चौथो दिनलाई 'जाली' भनिन्छ। यो दिन पूजाआजा हुँदैन। पहिलो, दोस्रो र तेस्रो दिन सम्मको सम्पूर्ण क्रियाकलापको बारेमा समीक्षा गरिन्छ। गाउँको प्रमुख माझीहाडामको घरमा भेला भई उक्त तीन दिनको बारेमा छलफल गरिन्छ, गाउँमा झैं-झगडा भयो कि ? कसैले अनैतिक काम गरियो कि ? कसैको घरमा समान हरायो कि ? भन्ने विषयमा माझीहाडामले गाउँलेलाई सोधपुछ गरी न्यायनिसाफ फैसला गरिदिने काम गर्दछ। त्यसपछि गाउँका महिलाहरूले प्रत्येक घरबाट आ-आफ्नो बारीमा रहेका सब्जीहरू भेला गरी एकै ठाउँमा पकाउने गर्दछन्। सबैजना रमाइलो नाँचगान गर्दै खाने पिउने काम गर्दछन् र यो दिन राति कसैले पनि घर बाहिर निस्किनु हुँदैन, किनभने यो दिन राति माझीथानमा देवताहरू भेला भई उनीहरूले पनि चाडपर्वको समीक्षा गरिरहेका हुन्छन्, भन्ने विश्वास रही आएको छ। यसरी नै चौथो दिनको कार्यक्रम पनि समाप्त हुन्छ।

**पाँचौं दिन**

सोहरायको पाँचौं दिनलाई 'हाकुकादकम' भनिन्छ। हाकुको अर्थ 'माछा', काद्कमको अर्थ 'गंगेटा' हो, यो दिन पनि विशेष पूजापाठ हुँदैन, यो दिन विशेष गरेर माछा मारेर खाने चलन छ। लगातार चौथो दिनसम्म मासु खाएर वाक्क भएपछि आज चाहिँ माछा खाउँ भनेर खोलानालातिर महिला पुरुष माछा मार्न जान्छन्। बेलुका मारेर ल्याएपछि मिठो परिकार पकाएर खाँदै रमाउने गर्दछन्, यसरी पाँचौं दिन समाप्त हुन्छ।

**छैटौं दिन**

सोहरायको छैटौं तथा अन्तिम दिनलाई 'साक्रात' भनिन्छ। यो दिन चाहिँ विशेषगरी सिकार खेल्न जाने दिन हो। यो दिन पुरुषहरू सिकार खेल्न जानलाई रमाइरहेका हुन्छन्। सिकार खेल्न जादा अघि रमाइलो क्षणहरू हुन्छन्, गाउँका पुरुषहरू आफ्नो घरबाट थोरै खाना खाँदै निस्किन्छन् र प्रत्येक घरमा अलि-अलि खाना माग्दै खाँदै सम्पूर्ण पुरुषहरू सामुहिक रूपमा खाँदै हिँड्छन्, यो रमाइलो क्षण सकेपछि, कुडोम नाइकीको नेतृत्वमा गाउँबाट सिकार खेल्न निस्किन्छन् र आवश्यक सिकारका साधनहरू धनुष, वाण, गेटिस, कोदालो, भाला जस्ता सामान बोक्छन्।

पहिले पहिले सिकार खेल्नका लागि जंगलतिर जाने गर्दथे भने हाल जनसंख्याको चापले गर्दा जङ्गल मासिँदै गएको छ। यसकारण खोला, पैनीको किनार, कोसिनी घारी, उदी रमाइलो गर्दै पराम्पराको जगेर्ना गरिएको पाइन्छ। सिकारमा जस्तैः चराचुरुङ्गी, मुसा, खरायो जस्ता जनावरहरू मारेर भेला गरिन्छ, सिकारबाट भेला भएका सम्पूर्ण चराचुरुङ्गी, पंक्षी, जनावरहरूलाई मासु तयार गरी सबैजनाका लागि भाग लगाउँछन्, त्यसपछि उक्त मासु भाग घर लिएर आउँछन्। आ-आफ्नो घरमा उनहरूलाई स्वागत गरेर सिकारको बारेमा सोधपुछ गरिन्छ। त्यसपछि गाँउको जगमाभीले सबै सिकारीहरूलाई लिएर एउटा खुल्ला मैदानमा लिएर जान्छ। एउटा केराको खम्वा गाडिन्छ, जगमाभझीले विशेष पूजाका साथ त्यस खम्बामा चामलको पिठोबाट बनाएको एउटा रोटी (पापर) राखिन्छ।

सिकार गएका पुरुषहरूले निर्धारण गरेको निश्चित दुरीबाट उक्त केराको खम्बालाई लक्ष्य बनाई तीर चलाउँछन् र प्रत्येक पुरुषहरूले उक्त खम्बालाई भेदन नगरुञ्जेलसम्म तीर चलाउने गर्दछन्। जसलाई सन्थालीमा 'बिजाहा तुज्' भनिन्छ, तिर लागि सकेपछि, त्यहाँका सम्पूर्ण तीरहरूलाई हटाइ केराको खम्बा माथि राखिएको चामलको रोटीलाई त्यहाँको कुनै युवा केटाले तोडेर भाग्छ र सम्पूर्ण युवा केटाहरूले उक्त युवालाई खेदाएर उक्त रोटीलाई खोसेर खाने प्रयत्न गर्दछन्। जगमाझीले उक्त खम्बालाई सात भागमा टुक्रा बनाउँछ, जुन पुरुषबाट खम्वा भेदन गरिएको हुन्छ। सो पुरुषले सबै टुक्राहरू आफ्नो धनुषमा झुण्डयाउँछन्।

उक्त पुरुषलाई जगमाझीले बोकेर निश्चित स्थानतिर लैजान्छ। त्यसपछि त्यो पुरुषले त्यहाँका सबै मानिसलाई ढोगी दिन्छ र उसलाई उत्तरतिर पारेर सुताइन्छ। पाँच वा सात जना युवाहरूको कान्छी औंलाले जगमाझीले तीन पटकसम्म मन्त्र पढेपछि जुरुषक उठाउँछन्। त्यसपछि जगेमाझीले उसलाई पुनः बोकेर गाउतिर लैजान्छु। र गाउमा चुनिएका प्रतिनिधिको घरमा गई नाँचगान गर्दै र टुक्रा गरिएको केराको सात भागलाई पहिलो भाग माझीहाडामको घरको छानामा राखिदिन्छन्। त्यसगरी क्रमशः पारानीक, जगमाझी, नाइकी गुडित, जगपारानीक, कुडोम नाइकी गर्दै सबै प्रतिनिधिको घरमा पुऱ्याउँछन्। यसरी नाँचगान गरेवापत भुजा, जाँड दिने चलन छ। अन्त्यमा महिला र पुरुष नाँचगान गर्दै सोहराय गीत गाउँछन्, त्यसपछि माझी हाडामले सोहराय पर्वको विसर्जन भएको घोषणा गर्दछ।

एउटा सोहराय पर्वको लोकगीत

कुल्ही मुचाद्  
कुदुनी कु डेराउ आकान दाय  
कुल्ही मुचाद्  
कुदुनी कु डेराउ आकान दाय  
बोबय ताहेरे बिङ लिका कुदा उचुइञ मे  
तिहिञ मैना बानु टाका  
गापा मैना टाका-ना  
बोबय ताहेरे बिङ लेका…२  
बाइञ कुदा मे।  
कुल्ही मुचाद्  
कुदुनी कु डेराउ आकान नाय  
कुल्ही मुचाद्  
कुदुनी कु डेराउ आकान नाय  
बोबय ताहेरे बिङ लिका कुदा उचुइञ मे  
तिहिञ मैना बानु टाका  
गापा मैना टाका-ना  
बोबय ताहेरे बिङ लेका…२  
बाइञ कुदा मे।

**सन्दर्भ सामग्री :**

*मुर्मु, शिबु, सयपत्री, अङ्क ४०, वर्ष २६, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ - १४२ देखि १४६*

*सोरेन, बुद्विलाल, जाहेरथान माझिथान नेपाल हपनमाई हास्दा*

# शिवाकोटीको देश दौडाहा

**शिवसताक्षी, माघ १७।** नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासङ्घ सुधारको एजेन्डासहित केन्द्रीय अध्यक्ष पदका उम्मेदवार मातृका शिवाकोटी यतिबेला देशव्यापी दौडाहामा छन्।

महासङ्घलाई एकताबद्ध, समावेशी र संस्थागत रूपमा सबल बनाउने स्पष्ट दृष्टिकोण बोकेर उनी सातै प्रदेशका जिल्ला-जिल्लामा पुग्दै व्यवसायीहरूसँग प्रत्यक्ष संवाद गरिरहेका छन्।

पुस्तक तथा स्टेशनरी क्षेत्रका उत्पादक, प्रकाशक र खुद्रा व्यवसायीहरूको साझा छाता संगठन महासङ्घको नेतृत्व अहिलेसम्म सुदूरपश्चिम, बाग्मती, गण्डकी र लुम्बिनी प्रदेशले गरिसकेको छ। तर कोशी, मधेश र कर्णाली प्रदेश नेतृत्वबाट वञ्चित रहँदा संगठनभित्र क्षेत्रीय असन्तुलन बढ्दै गएको व्यवसायीहरूको बुझाइ छ। यही पृष्ठभूमिमा कोशी प्रदेशका शिवाकोटीको उम्मेदवारीलाई धेरैले संगठन सुधार र क्षेत्रीय न्यायको स्वभाविक दाबीका रूपमा हेरेका छन्।

हाल महासङ्घका वरिष्ठ उपाध्यक्ष रहेका शिवाकोटी सातौं राष्ट्रिय महाधिवेशनमा सर्वाधिक मतसहित निर्वाचित भएका नेता हुन्। संगठनमा लामो समयको निरन्तरता, संघर्ष र लगानी नै उनको बलियो व्यावसायीक राजनीतिक पूँजी बनेको व्यवसायीहरूको भनाइ छ।

कोशी प्रदेशका निवर्तमान अध्यक्ष जीवन नेपाल भन्छन्- 'संगठनमा निरन्तर योगदान दिनेले नेतृत्व दाबी गर्नु स्वाभाविक हो, शिवाकोटी त्यसको उपयुक्त उदाहरण हुन्।'

तेह्रथुमको आठराईमा जन्मिएका शिवाकोटी शैक्षिक र व्यावसायिक रूपमा पनि सबल व्यक्तित्व हुन्। जनसंख्या तथा ग्रामीण विकासमा स्नाकोत्तर, व्यवस्थापनमा स्नातक र कानून व्यवसायी समेत रहेका उनले विराटनगरस्थित



'पपुलर ल फर्म' सञ्चालन गर्दै आएका छन्। लेखा, कानूनी प्रक्रिया र संस्थागत व्यवस्थापनमा उनको दखल महासङ्घ सुधारका लागि उपयोगी हुने विश्वास व्यवसायीहरूले गरेका छन्।

२०५४ सालमा 'साई पुस्तक भण्डार'बाट व्यवसाय शुरु गरेका शिवाकोटीले विराटनगरमा 'पपुलर पुस्तक भण्डार'मार्फत सफल खुद्रा व्यावसायिक मोडेल स्थापित गरेका छन्। संगठनात्मक यात्रामा सहसचिवबाट शुरु गरेका उनी केन्द्रीय सदस्य, उपाध्यक्ष हुँदै वरिष्ठ उपाध्यक्षसम्म आइपुगेका छन्। छैठौं महाधिवेशनमा अध्यक्षमा पराजित भए पनि संगठन नछोडी निरन्तर सक्रिय रहनु उनको नेतृत्व क्षमताको उदाहरण मानिन्छ।

देश दौडाहाका क्रममा शिवाकोटी महासङ्घभित्र देखिएका भित्री समस्या, अस्वस्थ प्रतिस्पर्धा र निजी स्वार्थका कारण संगठन कमजोर बनेको स्पष्ट रूपमा स्वीकार गर्छन्। अध्यक्ष निर्वाचित भए तीन महिनाभित्रै जिल्ला, प्रदेश र केन्द्रको वैधानिकता समस्या समाधान गर्ने, राज्यको असमान नीतिबिरुद्ध संस्थागत लडाइँ लड्ने र दीर्घकालीन नीतिगत सुधारका लागि दबाब सिर्जना गर्ने उनको मुख्य एजेन्डा छ।

महासङ्घमा आबद्ध करिब १८ हजार र बाहिर रहेका थप १० हजार व्यावसायीलाई समेट्ने लक्ष्यसहित स्थायी कार्यालयका लागि जग्गा खरिद र भवन निर्माण पनि उनको प्राथमिकतामा छ।

मधेश प्रदेशका व्यवसायी नेता अखिलेस यादवका अनुसार, शिवाकोटीले संगठन सुधारका स्पष्ट तर्क र व्यवहारिक योजना मार्फत महाधिवेशनमा सहभागी प्रतिनिधि र पर्यवेक्षकहरूलाई प्रभावित पारिरहेका छन्।

महासङ्घको आठौं राष्ट्रिय महाधिवेशन माघ २३ र २४ गते काठमाडौंको राष्ट्रिय सभागृहमा हुँदैछ। संगठन सुधारको एकल र बलियो आवाजका रूपमा शिवाकोटीको देश दौडाहा अहिले महासङ्घभित्र चर्चा र अपेक्षाको केन्द्र बनेको छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ताले हटेर जानाले मन खुशी रहला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पती, पत्नीबीच विशेष सरसल्लाह हुन सक्छ, सन्तान पक्षबाट शुख मिल्नेछ, स्वास्थ्यमा ध्यान दिनुहोला, सतर्क रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईंको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजन जमघटको माहौल रहला, समाजमा कुरा काट्नेहरू बढेर जानेछन्, सजग रहनुहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभदायक योग छ, अकस्मात धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** लामो समयदेखि मनमा भएको खटपटी हटेर जाने समय आएको छ, कार्यसिद्धीमा भएका बाधा अड्चन हटेर जानेछ, स्वास्थ्य तथा खानपानमा विचार पुऱ्याउनुहोला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, आगामी दिनमा भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, पारिवारिक मेलमिलापको समय आएको छ, घुँडा तथा ढाडमा समस्या हुन सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** दिन मध्यम रहेको छ, विशेष खबर आउनाले मन खुशी हुनेछ, अनावश्यक खर्च हुनेछ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ।


**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईंको समय उत्तमसिद्धि रहेको छ।

मिति २०८२/१०/१८ आइतबारको
**सुनचाँदी मूल्य**



छापावाला
सुन प्रति तोला
रु. ३,००५००।-



चाँदी
प्रति तोला
रु. ५,५१५।-

# न्यौपानेद्वारा जन्मोत्सवमा ५१ हजार सहयोग



**झापा, माघ १७।** बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेले व्यवसायी सदस्य राहत कोषमा आर्थिक सहयोग प्रदान गरेका छन् ।

उद्योगी-व्यवसायी सदस्यलाई आपतकालीन अवस्थामा सहयोग पुऱ्याउने उद्देश्यले स्थापना गरिएको कोषमा उनले आफ्नो जन्मदिनको अवसर पारेर ५१ हजार रुपैयाँ सहयोग गरेका हुन् । संघले उद्योगी-व्यवसायीलाई विभिन्न प्रकारका जोखिम र संकटबाट जोगाउन तथा आपतकालीन अवस्थामा तत्काल राहत उपलब्ध गराउने उद्देश्यले व्यवसायी सदस्य राहत कोष स्थापना गरेको छ ।

सो कोषमा अध्यक्ष न्यौपानेले आफू अध्यक्षमा निर्वाचित भएपछि व्यवसायीको हकहित संरक्षण गर्दै आपत-विपतमा परेका सदस्यलाई तत्काल सहयोग पुगोस् भन्ने उद्देश्यले कोष स्थापना गरिएको र सोही अभियानलाई सुदृढ बनाउन आफूले व्यक्तिगत रूपमा योगदान गरेको बताए ।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष न्यौपानेको अध्यक्षता तथा संघका पूर्वअध्यक्ष एवम् संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा बरिष्ठ उपाध्यक्ष तथा व्यवसायी सदस्य राहत कोषका संयोजक राजकुमार घिमिरे 'राजु'ले स्वागत मन्तव्यसहित कोष स्थापनाको उद्देश्यबारे जानकारी दिएका थिए ।

घिमिरेले एक करोड रुपैयाँको राहत कोष स्थापना गर्ने लक्ष्यसहित अभियान सुरु गरिएको बताए । उनले जन्मदिन, वैवाहिक वर्षगाँठ तथा पितृ स्मरणजस्ता अवसरमा कोषमा सहयोग जुटाउँदै आएको जानकारी दिँदै जुनसुकै सहयोगले कोषलाई जीवन्त बनाउने उल्लेख गरे । व्यवसायीको सहयोगले संकटको घडीमा सदस्यलाई छिटो राहत उपलब्ध गराउन थप ऊर्जा मिलेको उनले बताए ।

कार्यक्रममा जन्मदिनको अवसरमा सहयोग उपलब्ध गराएका अध्यक्ष न्यौपानेलाई कदरपत्र प्रदान गरिएको थियो । कार्यक्रममा संघका सल्लाहकार तथा झापा गोल्डकपका अध्यक्ष केदार गिरीले न्यौपानेले जन्मदिनको अवसर पारेर राहत कोषमा सहयोग गरेकोमा प्रशंसा व्यक्त गर्दै अन्य व्यवसायीलाई पनि सहयोग अभियानमा जोडिन आग्रह गरे । कार्यक्रमको सञ्चालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।

# सम्बन्धविच्छेदका कारण बालश्रमको बढ्दै

**भोजपुर, माघ १७।** सम्बन्धविच्छेदका घटनाले बालबालिकाको जीवनमा असर पार्न थालेको छ । पारिवारिक विखण्डनसँगै अभिभावकको संरक्षण, माया-ममताबाट वञ्चित बालबालिका श्रममा धकेलिन थालेका छन् ।

वैवाहिक सम्बन्ध टुट्ने क्रम बढ्दै जाँदा धेरै बालबालिका विद्यालय छोडेर रोजगारीमा लाग्न बाध्य भएका छन् । आमा-बुवाको सम्बन्धविच्छेद सिर्जित आर्थिक अभाव, भावनात्मक अस्थिरता तथा अभिभावकत्वको कमीका कारण उनीहरू घरेलु काम, होटल, सवारीसाधन मर्मत गर्ने ग्यारेज, कृषि तथा साना उद्योगमा श्रम गर्न विवश भेटिन्छन् ।

साल्पासिलिछो गाउँपालिकाका एक १६ वर्षीय बालक खेतबारी जोत्नेदेखि अर्मपर्म तथा ज्यालादारी काम गर्दछन् । पारिवारिक बेमेलका कारण घरखर्च धान्न बाध्य भएर अरूको खेतबारीमा काम गर्नुपरेको बालकको भनाइ छ । स्थानीय सामाजिक अभियन्ताहरूका अनुसार सम्बन्धबिच्छेदपछि आमाबुवामध्ये एक जना रोजगारीका लागि बाहिरिनु, अर्काले पर्याप्त आम्दानी गर्न नसक्नु तथा पारिवारिक जिम्मेवारी कमजोर हुनु बालश्रम बढ्नुका मुख्य कारण बनेका छन् । अभिभावकको निगरानी र सहाराको अभावमा बालबालिका पढाइभन्दा श्रमतर्फ उन्मुख हुने गरेको उनीहरूको भनाइ छ ।

सम्बन्ध विच्छेदपछि बालबालिकाको संरक्षण, शिक्षा र मानसिक स्वास्थ्यमा राज्य तथा स्थानीय तहले विशेष ध्यान दिनुपर्ने देखिएको छ । अभियन्ता सम्झना प्रधानका अनुसार बुवा-आमाको सम्बन्धविच्छेदपछि पर्ने मनोवैज्ञानिक असरले बालबालिकाले पढाइ छाड्ने, आफन्त कहाँ गएर बस्ने तथा विभिन्न खालका काममा संलग्न हुने गतिविधि बढ्दै गएको छ ।

पारिवारिक बेमेलले बालबालिकालाई श्रममा धकेल्ने अवस्था सिर्जना हुने उहाँको भनाइ छ ।बालश्रम न्यूनीकरणका लागि परिवार परामर्श सेवा, अभिभावक सचेतना, विद्यालयमा पुनः भर्ना कार्यक्रम तथा सामाजिक सुरक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने सरोकारवालाहरूले बताएका छन् ।

सम्बन्ध विच्छेदको सामाजिक यथार्थसँगै त्यसबाट उत्पन्न बालश्रमको समस्यालाई समयमै सम्बोधन नगरे भविष्यमा अशिक्षा, गरिबी र सामाजिक विकृतिको चक्र अझै गहिरिने सरोकारवालाहरूको चिन्ता छ ।

# स्थानीयद्वारा आन्दोलन स्थगित



**कमल, माघ १७।** निर्माणाधीन एशिन हाइवे विषयलाई लिएर झापाको कमल गाउँपालिका ३ केर्खा पूर्वका स्थानियले शुरु गरेको आन्दोलन स्थगित भएको छ ।

राजमार्ग निर्माणका क्रममा केर्खा बजार पश्चिमतर्फ बस स्टण्ड, सर्भिसलेन र फुटपाथ राखिएको तर बजार पूर्वतर्फ बस स्टेण्ड लगायत कुनै पनि व्यवस्था नभएकोले विस्तृत लागत परियोजना (डीपीआर) सच्याएर भए पनि सो ठाउँमा सर्भिसलेन र फुटपाथ निर्माण गर्नुपर्ने मागगर्दै दुई हप्ता अगाडिबाट शुरु गरिएको संघर्षका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको समितिले जनाएको छ ।

सोही क्रममा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, कमल ३ का वडाध्यक्ष अग्निप्रसाद कोइराल, निवर्तमान वडा सदस्य चक्रबहादुर गुरुङ स्थानीयबासी लगायतले फुटपाथ, सर्भिसलेन यु-टर्न निर्माण स्थलगत अनुगमन गर्नुका साथै नजिक रहेको सिंहदेवी मन्दिरमा पुगेर दर्शन समेत गरेका थिए ।

राजमार्ग निर्माणका क्रममा केर्खा बजारको पश्चिमतर्फबाट बजारको मध्यमागसम्म मात्र सर्भिसलेन र फुटपाथ भएको तर पुर्व तर्फ कुनै पनि योजना नभएकोले छुटेका स्थानमा फुटपाथ, सर्भिसलेन यु-टर्न लगायतका संरचना निर्माणका लागी सहमति भएपछि आन्दोलनका कार्यक्रम स्थागित गरिएको संघर्ष समितिका संयोजक धनराज गिरीले बताए ।

सर्भिसलेन र फुटपाथ निर्माण गर्नुपर्ने माग गर्दै दुई हप्ता अगाडिबाट शुरु गरिएको संघर्षका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको संघर्ष समितिले जनाएको छ ।

# कङ्गोमा खानी भत्किँदा २०० जनाको मृत्यु

**काठमाडौं, माघ १७।** अफ्रिकी देश कङ्गोको रुबाया क्षेत्रमा अवस्थित कोल्टान खानीहरूमा भएको भीषण दुर्घटनामा कम्तीमा २०० जना खानी मजदुरको ज्यान गएको छ । 'मार्च-२३' आन्दोलन (एम-२३) नामक विद्रोही समूहका एक प्रवक्ताले शुक्रबार उक्त घटनाको पुष्टि गरेका छन् ।

प्रवक्ताका अनुसार विभिन्न खानी सुरुङ अचानक भत्किँदा अधिकांश पीडितहरू खानीभित्रै माटोमा पुरिएका थिए । मृतकमध्ये महिला र बालबालिका समेत रहेका छन्, जसले घटनाको गम्भीरता झन् बढाएको छ । दुर्घटनामा परेकाहरू अधिकांशजसो जीविकोपार्जनका लागि खानीमा काम गर्ने खानी मजदुरहरू रहेका थिए ।

बुधबार र बिहीबार रुबाया क्षेत्रका फरक-फरक कोल्टान खानीहरूमा एकपछि अर्को गर्दै सुरुङ भत्किने घटना भएको हो । रुबाया क्षेत्र सन् २०२४को अप्रिल महिनादेखि एम-२३ विद्रोही समूहको नियन्त्रणमा रहेको बताइएको छ, जसका कारण उद्धार तथा राहत कार्यमा पनि कठिनाइ उत्पन्न भएको छ ।

संयुक्त राष्ट्रसंघको अनुमानअनुसार रुबाया क्षेत्रका खानीहरूले विश्वव्यापी टान्टालम आपूर्तिको करिब १५ प्रतिशत हिस्सा उत्पादन गर्दै आएका छन् । घटनापछि स्थानीय बासिन्दा र मानवअधिकार समूहहरूले खानी सुरक्षाको अवस्था, बालश्रम तथा अव्यवस्थित खानी उत्खनन्प्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । हालसम्म पनि मृतकको यकिन पहिचान र विस्तृत विवरण सार्वजनिक भइसकेको छैन ।

# मोटरसाइकल चालकको मृत्यु

**झापा, माघ १७।** मेचीनगर नगरपालिका-६ स्थित मेची पुलमा भारतबाट नेपाल आउँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

नेपालतर्फ आउँदै गरेको प्र१-०१-०१२ प ३८४९ नम्बरको मोटरसाइकल राति १०:०० बजे सडकमा राखिएको ब्यारिकेटमा ठोक्किएर दुर्घटना भएको थियो । जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काका अनुसार मोटरसाइकलको पछाडि सवार मेचीनगर-६ निवासी ४० वर्षीय चेतन कटुवालको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका कटुवाललाई तत्काल उपचारका लागि मेची आम्दा अस्पताल धुलाबारी पुऱ्याइएको थियो । उपचारकै क्रममा चिकित्सकले राति १०:५५ बजे मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक मेचीनगर-६ निवासी ३५ वर्षीय काशीनाथ पौडेलसमेत घाइते भएका छन् । उनलाई उपचारका लागि बिर्तामोडस्थित बीएण्डसी अस्पताल पठाइएको प्रहरीले जानकारी दिएको छ । मृतक कटुवालको शव हाल मेची आम्दा अस्पतालमै राखिएको छ । तीव्र गतिका कारण दुर्घटना भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान छ भने घटनाबारे थप अनुसन्धान भइरहेको खड्काले बताए ।


## मार्बल शिलालेख

यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ

सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड–४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००
९८१६०४९८००

## वैदेशिक रोजगार

यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।

HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क:
९८४२६३४८७४,
९८१६०४९८७६,
०२३–५३५९७३
बिर्तामोड, झापा

## उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा– ४, झापा

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने **ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालि**लाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।

सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## UAE मा रोजगारीको अवसर

UNited International Group

७ दिनमा भिषा आउने

कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No .309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर

ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा

हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।

सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।

कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड–१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४५००३

## डेंगी रोगबाट आफू बचौं अरूलाई पनि बचाऔं



बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिवार्य सहभागी बनौं ।

**डेंगी के हो ?**
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

**डेंगीबाट बच्न के गर्न सकिन्छ ?**
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश

## होटल समृद्धि सुरुङ्गा



एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।

होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## हामीलाई सम्पर्क गर्नुहोस्

सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
*नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।*

सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३–५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।

सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३–५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS

प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)

Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा



बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।

बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३–५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)